## छथर गाउँपालिका, तेह्रथुमको

# आधारभूत स्वास्थ्य तथा सरसफाई ऐन, २०७६

# "आधारभूत स्वास्थ्य तथा सरसफाई ऐन २०७६"

प्रस्तावना :- नेपालको संविधानको धारा ३५ अनुसार नेपाली नागरिकलाई प्राप्त स्वास्थ्य सम्बन्धी मौलिक हकलाई प्रत्याभूत गर्ने सन्दर्भमा स्थानिय बासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा गाउँपालिककाको जिम्बेवारी प्रमुख रहि आएको र सो को व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरि कार्यसम्पादन गर्न वान्छनिय भएकोले, नेपालको संविधान २०७२ को धारा २२१ अनुसारे अनुसूचि ८ को सूचि नं. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न तथा स्थानिय सरकार संचालन ऐन , २०७४ को दफा ११ की उपदफा -२(झ) र १०२ बमोजिम छथर गाउँसभाले यो ऐन बनाएको छ।

सभाबाट स्विकृत मितिः- २०७६ असार २५ गते

## परिच्छेद -१

**प्रारम्भिक :**

**१. सम्क्षिप्त नाम र प्रारम्भ :**

क) यस ऐनलाई आधारभूत स्वास्थ्य तथा सरसफाई ऐन, २०७६ भनिनेछ।

ख) यो ऐन छथर गाउँपालिकाको गाउँसभाबाट स्विकृत भई तुरुन्त लागु हुनेछ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

क) "ऐन" भन्नाले "छथर गाउँपालिकाको आधारभूत स्वास्थ्य तथा सरसफाई ऐन २०७६" लाइ सम्झनुपर्दछ।

ख) "संघिय ऐन" भन्नाले स्वास्थ्य सम्वन्धि संघिय संसदले बनाएको ऐनलाई सम्झनु पर्दछ।

ग) "कार्यपालिका" भन्नाले छथर गाउँकार्यपालिका सम्झनु पर्दछ।

घ) "अध्यक्ष" भन्नाले छथर गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

ङ) "उपाध्यक्ष" भन्नाले छथर गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

च)"वडा अध्यक्ष" भन्नाले छथर गाउँपालिका अर्न्तगतको वडाको अध्यक्षलाई सम्झनु पर्दछ।

छ)"प्रमुख प्रशासकीय अधिकृत" भन्नाले छथर गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

ज) "सरकारी वा सामुदायिक स्वास्थ्य संस्था" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

झ) "निजी स्वास्थ्य संस्था " भन्नाले सेवाको संगसंगै नाफाको समेत उदेश्य राखि संचालन हुने स्वास्थ्य संस्था सम्झनुपर्दछ ।

ञ) "ट्रस्ट वा लोक कल्याणकारी संस्था" भन्नाले ट्रस्ट वा लोक कल्याणकारी संस्थाहरु मार्फत् संचालनहुने स्वास्थ्य संस्थालाई सम्झनुपर्दछ ।

ट) "व्यबस्थापन समिति" भन्नाले यस ऐनको दफा ६ अन्र्तगत बनेका स्वास्थ्य संस्थाहरुको संचालन तथा व्यबस्थापन समितिलाई सम्झनुपर्दछ ।

ठ) "अनुगमन समिति" भन्नाले यस ऐनको दफा ५ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिलाइ सम्झनुपर्दछ ।

भड) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, आयुर्वेद केन्द्र तथा सामुदायिक स्वास्थ्य केन्द्रलाई सम्झनु पर्दछ र सो शब्दले सामुदायिक तथा निजी क्षेत्रबाट समेत स्थानीय स्तरमा संचालित स्वास्थ्य सेवा मूलक संस्थाहरुलाई जनाउदछ ।

ढ) "प्रचलित कानून" भन्नाले नेपालको संविधान २०७२ बमोजिम तयार भएर कार्यान्वनमा रहेका कानूनहरुलाई सम्झनु पर्दछ ।

ण) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्र्तगत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

(त)"पोलिक्लिनिक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई एकै संस्थाबाट कम्तिमा ५ वटा सेवाहरु (बहिरंग सेवा, प्रयोगशाला सेवा,रेडियो इमेजिङ, फिजियोथेरापी, परिवार नियोजन, खोप सेवा आदि) जस्ता बहुसेवा उपलब्ध गराउने संस्थालाई सम्झनु पर्दछ ।

(थ) "प्रयोगशाला" भन्नाले रोग निदानात्मक सेवाहरु जस्तै रगत,दिशा,पिशाव,तथा खकार इत्यादि जाँच एवं परिक्षण जस्ता सेवाहरु प्रदान गर्ने कानून बमोजिम दर्ता भइ स्वास्थ्य सेवा संचालन गर्ने संस्थालाई सम्झनु पर्दछ ।

(द) "फार्मेसी" भन्नाले कानून बमोजिम दर्ता भई औषधी तथा औषधीजन्य पदार्थ वा सामाग्रीबाट सेवा प्रदान गर्ने संस्थालाई सम्झनु पर्दछ ।

सन्तबीर लिम्बु
अध्यक्ष

## परिच्छेद २

### आधारभूत स्वास्थ्य सेवा प्रदायक र ब्यबस्थापन सम्बन्धि ब्यबस्था

**३.आधारभूत स्वास्थ्य सेवा प्रदायक संस्थाहरु :** स्थानिय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायक संस्था निम्न ३(तिन) प्रकारका हुनेछन् ।

**क) सरकारी वा सामुदायिक स्वास्थ्य संस्था** : सरकारी वा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल प्राथमिक स्वास्थ्य केन्द्र , स्वास्थ्य चौकी , आयुर्वेद औषधालय, आयुर्वेद केन्द्र , सामुदायिक स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, खोप केन्द्र, प्राकृतिक चिकित्सा केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

**ख)निजी स्वास्थ्य संस्था:-** निजी क्षेत्र द्वारा उचित मुनाफाको अवधारणा सहित संचालन गरी निजि अस्पताल, नर्सिङ होम , पोलिक्लिनिक वा क्लिनिक , प्रयोगशाला फार्मेसीहरु निजि स्वास्थ्य सेवा प्रदायक संस्थाहरु हुनेछन् ।

**ग) ट्रष्ट वा लोक कल्याणकारी स्वास्थ्य संस्था** : आर्थिक लाभ वा नाफाको उदेश्य नराखी ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरु मार्फत् संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती स्वास्थ्य क्लिनिक यस अर्न्तगत पर्दछन् ।

**४. स्वास्थ्य संस्थाहरुको परिभाषा र स्वास्थ्य सेवा प्रदायक आधारभूत मापदण्ड :**

स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघिय सरकार र प्रदेश सरकारले निर्धारण गरेबमोजिम हुनेछ ।

**५. स्वास्थ्य सेवा ब्यबस्थापन तथा अनुगमन समिति गठन ,काम, कर्तब्य र अधिकार :**

**१) गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र नियमन गर्न गाउँपालिका स्तरीय देहाय बमोजिम एक आधारभूत स्वास्थ्य सेवा ब्यबस्थान समिति गठन गरिनेछ ।**

क) गाउँपालिका अध्यक्ष:-संयोजक

ख)प्रमुख प्रशासकीय अधिकृत:- सदस्य

ग) सामाजिक विकास समितीको संयोजक:-सदस्य

घ)स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्ये बाट प्रत्येक २ वर्षमा परिर्वन हुनेगरि कार्यपालिकाले तोकेको १ जना : सदस्य

ङ) आमा समूह र महिला स्वास्थ्य स्वयम् सेविका सन्जाल मध्येबाट कम्तिमा १ जना दलित महिला पर्ने गरि कार्यपालिकाले तोकेको २ जना : सदस्य

च) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्षहरुमध्ये प्रत्येक २ वर्षमा परिवर्तन हुनेगरि कार्यपालिकाले तोकेको १ जना : सदस्य

छ) अस्पतालको मेडिकल अफिसर १जना : सदस्य

ज) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख : सदस्य सचिव

**२)गाउँपालिका स्तरीय आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन समितिको काम,कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ :**

क) आफ्नो कार्यक्षेत्र भित्रका स्वास्थ्य तथा सरसफाई सम्वन्धी सम्भाव्यता अध्यायन तथा योजना तयार पार्ने ।

ख) गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था संचालनकोलागी अनुमती, स्विकृती सम्बन्धि गाउँपालिकालाई आवश्यक राय परामर्श प्रदान गर्ने ।

ग) स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ,सजक र जागरुक बनाउने ।

घ) स्वास्थ्य संस्थाहरुको लागी आवश्यक श्रोत साधन जुटाउने र परिचालन गर्ने गराउने ।

ङ) स्वास्थ्य संस्थाहरुको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने ।

च) स्वास्थ्य विशेषज्ञ र स्वास्थ्य सेवा प्रदायकहरुको सूचि अध्यावधिक तथा प्रकाशन गर्ने ।

छ) स्वास्थ्य सेवाको पहुँच भन्दा टाढा रहेका समुदायको पहिचान गरि सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

ज) गाउँपालिकालाई स्वास्थ्य तथा सरसफाई क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

झ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**६. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको गठन, काम, कर्तब्य र अधिकार :**

सन्तबीर लिम्बु
अध्यक्ष

१) सरकरी तथा सामुदायिक अस्पताल , स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य केन्द्र संचालन तथा ब्यबस्थापनको लागी देहाय बमोजिमको एक स्थानीय स्वास्थ्य संस्था संचालन तथा ब्यबस्थापन समिति रहनेछ ।गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुको संरक्षक गाउँपालिका अध्यक्ष रहनेछ ।

**क) सरकारी तथा सामुदायिक अस्पताल संचालन तथा ब्यबस्थापन समितिको गठनः**

(१) गाउँपालिकाको अध्यक्ष : अध्यक्ष

(२) आधारभूत स्वास्थ्य तथा सरसफाई क्षेत्रमा अनुभव प्राप्त गरेका स्थानिय समाजसेवी बुद्धिजीवीहरु मध्ये गाउँपालिका अध्यक्षबाट मनोनित महिला १ जना : उपाध्यक्ष

(३) अस्पताल रहेको वडाको वडाध्यक्षः सदस्य

(४) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा काम गरीरहेका विज्ञहरु मध्येबाट गाउँ कार्यपालिकाले तोकेको एक जना : सदस्य

(५) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख : सदस्य

(६) स्वास्थ्य क्षेत्रमा क्रियाशिल मध्ये सम्वन्धित वडा समितिले मनोनित दलित महिला १ जना : सदस्य

(७) अस्पताल रहेको वडाको माध्यमिक विद्यालयको प्र.अ./प्रतिनिधीहरुमध्ये गाउँपालिका अध्यक्षबाट मनोनित १ जना : सदस्य

(८) सम्वन्धीत वडा कार्यालयको वडा सचिव १ जना : सदस्य

(९) अस्पताल प्रमुख/मेडिकल अधिकृत /मेडिकल सुपरिटेण्डेन्ट १ जनाः सदस्य सचिव

**ख) स्वास्थ्य चौकी, आयुर्वेद औषधालय संचालन तथा ब्यबस्थापन समितिको गठनः**

१) सम्बन्धित वडाको वडाध्यक्ष : अध्यक्ष

२) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा अनुभव प्राप्त गरेका स्वास्थ्य संस्था रहेको वडाको समाजसेवी बुद्धिजीवीहरु मध्ये गाउँपालिलका अध्यक्षबाट मनोनित महिला १ जना : उपाध्यक्ष

३) सम्बन्धित वडामा रहेका माध्यमिक विद्यालयका प्र.अ./प्रतिनिधी हरु मध्येबाट समितिले मनोनित गरेको महिला १ जना : सदस्य

४) स्थानिय ब्यपार संघको प्रतिनिधी १ जना : सदस्य

सन्तबीर लिम्बु
अध्यक्ष

५) स्थानिय लब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार दलित महिलाहरुमध्ये बाट गाउँपालिका अध्यक्षबाट मनोनित १ जना : सदस्य

६) सम्बन्धित वडाको वडा सचिव : सदस्य

७) सम्बन्धीत स्वास्थ्य संस्था प्रमुख : सदस्य सचिव

**ग) सामुदायिक स्वास्थ्य केन्द्र तथा अन्य स्वास्थ्य संस्था संचालन तथा ब्यबस्थापन समितिको गठन :**

१) सम्बन्धित वडाको वडाध्यक्ष: अध्यक्ष

२) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा अनुभव प्राप्त गरेका स्वास्थ्य संस्था रहेको वडाको समाजसेवी बुद्धिजिवीहरु मध्ये गाउँपालिका अध्यक्षबाट मनोनित १ जना : उपाध्यक्ष

३)सम्बन्धित वडाको वडा सचिव : सदस्य

४) सम्बन्धित वडाभित्र बसोवास गर्ने समाजसेवी ब्यबसायी, उधोगपती, लब्धप्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार ब्यक्तिहरु मध्येबाट स्वास्थ्य संस्था ब्यवस्थापन समितिले मनोनित गरेको कम्तीमा १ जना दलित महिला सहित ३ जना : सदस्य

५) सम्वन्धित स्वास्थ्य संस्था प्रमुख : सदस्य सचिव

**घ) पदावधी :-**

- अस्पताल/स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिको कार्यकाल ३ वर्षको हुनेछ ।
- निर्वाचित पदाधिकारीहरु एवम् सदस्यहरुको पदावधि अर्को निर्वाचन भई नयाँ ब्यक्तिले पदभार ग्रहण नगरुन्जेल सम्म हुनेछ ।
- समितिले आवश्यक ठानेमा स्थानिय सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको आमन्त्रित सदस्यको रुपमा उपस्थिती हुन आमन्त्रिण गर्न सक्नेछ ।
- समितीले आवश्यक ठानेमा स्थानिय दलित, युवा, किशोर-किशोरी,सामाजिक संघ संस्थाका प्रमुखहरुलाई विषयबस्तु अनुसार आमन्त्रण गरि आमन्त्रित सदस्यको रुपमा राख्न सक्नेछ ।
- बैठकको लागी समितीका पदाधीकारीको ५१ प्रतिशत उपस्थिती अनिवार्य हुनुपर्नेछ ।
- समितिले आवश्यक ठानेमा समितीको पूर्ण वैठकको कम्तिमा दुई तिहाईको सिफारिसमा सल्लाहकारहरु स्थानिय सरकारले मनोनयन गर्न सक्नेछ ।

सन्तबीर लिम्बु
अध्यक्ष

- माथिका बुदामा जुनसुकै कुरा लेखिएको भएता पनि अध्यक्ष सहित अन्य मनोनित पदाधिकारीहरुले आफ्नो पदिय जिम्मेवारी पुरा नगरेमा स्थानिय सरकारले निर्णय गरि जुनसुकै बखत पदवाट हटाउन सक्नेछ ।

**(ङ) सदस्यहरुको योग्यता :-**

**देहायका योग्यता भएको ब्यक्ति समिति पदाधिकारी एवम् सदस्य पदमा नियुक्तिको लागी योग्य हुनेछः-**

- नेपाली नागरिक ।
- नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी सजाय नपाएको ।
- नेपाल सरकार, प्रदेश सरकार, स्थानिय सरकार वा अर्न्तगतको कुनै संगठित संस्था संग कुनै वेरुजु वा बक्यौता बाँकी नरहेको ।
- उच्च नैतिक चरित्र भएको र कालो सुचिमा नपरेको ।
- विदेशी राष्ट्को नागरिकता वा स्थायी आवासीय अनुमती नलिएको ।

**२) स्वास्थ्य संस्था ब्यबस्थापन समितिको काम,कर्तब्य र अधिकार निम्नानुसार हुनेछ ।**

क) आफ्नो स्वास्थ्य संस्थाको बार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत् गाउँपालिकामा पेश गर्ने ।

ख) व्यवस्थापन समितिको नियमित वैठक गर्ने, स्वास्थ्य संस्थामा परेका समस्याहरुको समाधानको लागी आवश्यक कार्य गर्ने ।

ग) वार्षिक समिक्षा, सामाजिक परिक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्ने ।

घ) सम्बन्धित स्वास्थ्य संस्थाको कर्मचारीको प्रभावकारी परिचालकोलागी सहजिकरण गर्ने ।

ङ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

सन्तबीर लिम्बु
अध्यक्ष

छ) स्वास्थ्य संस्थाको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने।

ज) स्वास्थ्य संस्था व्यबस्थापन समितिका अन्य काम कर्तव्य तोकिए बमोजिम हुनेछ।

७) बैक खाता संचालनः

१.हरेक स्वास्थ्य संस्थाको बैक खात स्वास्थ्य व्यवस्थापन समितिको निर्णय पछि सम्वन्धित वडा कार्यालयको अनुरोध सिफारिस बमोजिम गाउँपालिकाको सिफारिसमा बैक खाता खोल्न सक्नेछ।

२. स्वास्थ्य संस्थाको बैक खाता व्यबस्थापन समितिको अध्यक्ष वा निजले तोकेको समितिकै अन्य व्यक्ति र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ।

३. उपदफ १ बमोजिम खोलिएको खाताको लेखाश्रेस्ता व्यवस्थापन र लेखा परिक्षण प्रचलित कानून तथा गाउँपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद ३

## अस्पताल/स्वास्थ्य संस्था स्थापना र संचालन सम्बन्धि मापदण्ड :

८. अस्पताल तथा स्वास्थ्य संस्था संचालन मापदण्ड :

(१) अस्पतालः गाउँपालिका आफैले तोकिएको मापदण्डमा १५ शैया सम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ। यस्तो अस्पताल संचालन गर्न गाउँकार्यपालिकाले अस्पताल संचालन निर्देशिका तयार गरि संचालन गर्नेछ।

(२) स्वास्थ्य चौकी,सामुदायिक स्वास्थ्य केन्द्र : गाउँपालिकाले प्रत्येक वडामा (अस्पताल रहेको स्थान भन्दा ५ कि.मि. भन्दा बढि दुरी भएका स्वास्थ्य चौकीहरुमा बर्थिङ सेण्टर सहित) स्वास्थ्य संस्था संचालन गर्नेछ। जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पूरा गरि स्वास्थ्य संस्था संचालन गर्नुपर्नेछ।

सन्तबीर लिम्बु
अध्यक्ष

क) जनशक्ति व्यवस्थापन : नेपाल सरकारले कर्मचारी समायोजन गर्दा तयार पारेको खाका तथा प्रचलित व्यवस्था अनुसार कर्मचारी व्यवस्थापन गरिनेछ ।नयाँ खोल्ने स्वास्थ्य संस्थाहरुमा सहायक पाँचौं तहको हे.अ. सहित कम्तिमा ४ जना( १ जना सहायक चौथौं अ.हे.व, १ जना सहायक चौथौं अ.न.मी. र का.स. १ जना) सहित कर्मचारी व्यवस्था गरिनेछ । यो संख्या जनघनत्वको आधारमा गाउँपालिकाले थप गर्न सक्नेछ । वर्थिङ सेण्टरका लागी नर्सिङ कर्मचारी र का.स. थप व्यबस्था गरिनेछ साथै २४ घण्टे उपचार सेवा सहितको स्वास्थ्य चौकी संचालनको लागी थप जनशक्तिको व्यवस्थापन गरिनेछ । प्रत्येक स्वास्थ्य संस्थामा क्रमश ल्याव सेवा संचालन गरिनेछ । ल्याब जनशक्तिको दरबन्दि नभएको स्वास्थ्य संस्थाहरुमा खुल्ला प्रतिष्पर्धात्मक करार सेवा वा ज्यालादरीमा कर्मचारी व्यबस्थापन गरिनेछ ।

ख) भवन कोठा व्यबस्थापनः नेपाल सरकाले तय गरेको मापदण्ड अनुसारको प्रशासन कक्ष , औषधी भण्डार तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष ,शौचालय जस्ता सुविधा सहितको भवनको व्यवस्थापन गरिनेछ ।

ग) उपकरण व्यबस्थापनः प्राथमिक उपचारका आधारभूत उपकरणहरुसहितको अस्पतालका लागि आवश्यक औजार उपकरणहरु सहितको व्यबस्थापन गरिनेछ ।

३) गाउँपालिका क्षेत्रभित्र जडिबुटी , प्राकृतिक चिकित्सा,योग,ध्यान लगायतका रोकथाम मूलक र बैकल्पिक चिकित्सा सेवाको प्रर्वधनको लागी समुदाय वा ट्रष्टहरु संगको साझेदारीमा वा गाउँपालिका आफैले कम्तिमा १ वटा आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र संचालन गर्नुपर्नेछ ।

**९) निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्ने :**

(१) गाउँपालिका भित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्था द्वारा अस्पताल संचालन गर्न चाहेमा १५ शैया सम्मको संचालन अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

(२) उपदफा १ बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतिको लागी तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनुपर्नेछ ।

(३) स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरि तोकीएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्विकृती प्रदान गर्न सक्ने गरि आशय पत्र प्रदान गर्न गाउँकार्यपालिकालाई शिफारिस गर्नेछ ।

(४) उपदफा ३ को आधारमा गाउँकार्यपालिकाले तोकिएको समयभित्र मापदण्ड पूरा गरेमा अस्पताल संचालनको स्विकृती प्रदान गर्न सकिने प्रकारको आशयपत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समय सिमाभित्र यसै ऐन बमोजिम तोकीएको पूर्वाधार तयार गरि स्विकृतीकालागी गाउँकार्यपालिकामा निवेदन दिनुपर्नेछ ।

सन्तवीर लिम्बु
अध्यक्ष

(६) उपदफा ५ बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरि तोकीएको मापदण्ड पूरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमति प्रदान गर्न सक्नेछ ।

(७) यस दफा संग सम्बन्धित अन्य व्यवस्था प्रचलित संघिय तथा प्रदेश कानून बमोजिम हुनेछ ।

**१०) अस्पताल संचालन गर्न आवश्यक मापदण्ड :**

गाउँपालिकाको स्विकृतीमा संचालन हुने १५ वेड सम्मको अस्पतालहरुले देहायअनुसारको मापदण्ड पूरा गर्नुपर्नेछ :

(१) जनशक्ति व्यबस्थापन : कम्तिमा २ जना एम.वि.वि.एस.डाक्टर, कम्तिमा ३ जना हे. अ. , ४ जना स्टाफनर्स, कम्तिमा १ जना ल्याब टेक्निसियन र आवश्यक मात्रामा सहायक र सहयोगी स्वास्थ्यकर्मीहरु तथा का.स.,गार्ड,स्विपर,वगैचे आदी ।

(२) भवन तथा कोठा व्यबस्थापन :नेपाल सरकारको मापदण्ड अनुसारको दर्ता चलानी, बहिरंग सेवा,इमरर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने वार्ड/क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, प्रयोगशाला, पार्किङ,फोहोर व्यबस्थापन क्षेत्र सहितको भवन ।

(३) उपकरण र पूर्वाधार : सडक नेटवर्कले जाडिएको , एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने वेड र लाईफ सपोर्ट सिस्टम , २४ घण्टा विधुत् र खानेपानी सेवा भएको, अक्सिजन व्यबस्था, चिकित्सा जन्य फोहोरमैला व्यवसथापनको प्रणाली भएको, रेडियो इमेजिङ सेवा हुनुपर्नेछ ।

(४) अस्पतालको भवन पार्किङ र खुला क्षेत्रको लागी तोकिएबमोजिमको प्रर्याप्त जग्गा जमिन भएको हुनुपर्नेछ ।

(५) अस्पताल संचालन सम्बन्धि अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**११. पोलिक्लिनिक संचालनको अनुमति :**

(१)गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पूरा गरि स्विकृती लिनुपर्नेछ ।

सन्तबीर लिम्बु
अध्यक्ष

(२) पोलिक्लिनिकमा विरामी जाँच्ने डाक्टरको विवरण, संचालकको विवरण, संचालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोलि गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

**१२. प्रयोगशाला वा ल्यावोरेटरी संचालन :**

ब्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्याबोरेटरी संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँकार्यपालिकाबाट स्विकृत लिनुपर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्याबोरेटरी संचालन गर्ने स्थान प्रमाणित भएको कागजात

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्युनतम ३ वर्ष अध्ययन गरि सम्बन्धित निकायमा दर्ता भएको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको आशय पत्र

(४) ल्यावमा उपलब्ध हुने परिक्षणको प्रकार

(५) ल्यावमा प्रयोगहुने न्युनतम उपकरणहरुको विवरण

(६) प्रयोगशाला संचालन सम्बन्धि अन्य मापदण्ड तोकिएबमोजिमको हुनेछ ।

**१३. फार्मेसी संचालनको अनुमती:**

(१) गाउँपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न चाहेमा गाउँपालिकाबाट अनुमति लिनुपर्नेछ ।

(२) आधारभूत फार्मेसी शिक्षा विषयमा न्युनतम [illegible] वर्ष अध्यायन गरेको ब्यक्ति संचालक रहनेगरी, संचालन गर्ने स्थान , विक्री वितरण गर्ने, औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्ने ।

(३) फार्मेसी संचालनमा रहने मुख्य संचालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाणपत्र नागरिकता र हालको बसोबास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको शिफारिस साथ आवेदन पेश गर्नु पर्नेछ ।

(४) प्राप्त विवरण सहितको आवेदन बमोजम फार्मेसी संचालनको अनुमती दिन सक्नेछ ।

(५) फार्मेसी संचालन सम्बन्धि अन्य मापदण्ड तोकिए बमोजम हुनेछ ।

**१४. मापदण्ड पूरा नगरेमा सजाय हुने:**

(१) स्वास्थ्य संस्था प्रयोगशाला ,फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्विकृती लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पूरा गरेको पाईएमा

अनुगमन समितिले अनुगमन गरि सचेत गराउने, जरिवाना गराउने तथा स्विकृती खारेजीको लागी गाउँकार्यपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याब टेक्निसियन बाहेक अन्य व्यक्तिले रगत, दिशा पिसाव खकार लगायतको परिक्षणमा संलग्न भएको पाईएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने , संचालकलाई कालो सूचिमा राखि सो को आम जनतालाई जानकारी दिने ।

(३) फार्मेसीको हकमा दर्तावाला संचालक र सहयोगी बाहेक अरुले औषधी वेचेको पाईमा सचेत गराउने,जरिवाना गर्ने देखि अनुमति खारेजी सम्मको कार्वाही गर्न सकिने ।

**१५.सहुलियत र छुटको ब्यबस्था गर्नुपर्नेः**

निजि लगानी र ट्रष्ट मार्फत् संचालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क गाउँपालिकाको शिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागी छुट वा मिनाहा दिनुपर्नेछ ।

**१६. सेवाको अधिकतम शुल्क सीमा तोक्न सक्ने :**

गाउँपालिका क्षेत्र भित्र संचालित अस्पताल , नर्सिङहोम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरुले दिइने सेवाहरुको अधिकतम शुल्क सीमा गाउँपालिकाले निर्धारण गर्न सक्नेछ ।

**१७. स्वास्थ्य संस्था नविकरणः**

(१) यो ऐन प्रारम्भ हुनु अघि नेपाल सरकारका विभिन्न निकाय,कार्यालयबाट स्विकृती लिइ यस गाउँपालिकामा निजी क्षेत्रबाट संचालित अस्पताल, नर्सिङहोम, पोलिक्लिनीक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरुले तोकिएको मापदण्ड पूरा गरेमा तोकिएको दस्तुर लिई नविकरण गर्न सकिनेछ ।

(२) स्वास्थ्य संस्था नविकरण सम्बन्धि अन्य ब्यबस्था तोकिए बमोजिम हुनेछ ।

**१८. सरकारी अस्पताल/स्वास्थ्य संस्थाको छाप,होर्डिङ बोर्ड तथा लेटर प्याड सम्बन्धि ब्यबस्था :**
यस ऐन प्रारम्भ भए संगै यस छथर गाउँपालिका तेह्रथुम अर्न्तगत स्थापना भएका र हुने सम्पूर्ण सरकारी अस्पताल/स्वास्थ्य संस्थाहरुको छाप,होर्डिङ बोर्ड तथा लेटर प्याड निम्नानुसार रहनेछ ।

सन्तबीर लिम्बु
अध्यक्ष

## छथर गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
### स्वास्थ्य शाखा
### ...............अस्पताल/प्राथमिक स्वास्थ्य केन्द्र/स्वास्थ्य चौकी/सामुदायिक स्वास्थ्य ईकाई

छथर गाउँपालिका वडा नं........,..................तेह्रथुम

१ नं. प्रदेश, नेपाल।

## परिच्छेद ४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयंसेवा सम्बन्धि ब्यबस्था

**१८. स्वास्थ्यकर्मीको ब्यबस्थापन :**

गाउँपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवाहरु प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहनेछन्।

(१) स्थायी: नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२)करार: स्थानिय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत् करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु।

(३) अभ्यासकर्ता: स्थानिय स्तरमा खुलेका स्वास्थ्य अध्यायन संस्थानमा अध्यायनरत विद्यार्थीहरु एवं गाउँपालकाको आंशिक वा पूर्ण छात्रवृतिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्यायन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्नेछ। यस्ता अभ्यासकर्तालाई बढिमा १ वर्षको लागि भर्ना गर्न सकिनेछ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वास्थ्य स्वयंसेविका

**१९. अभियान कर्ता , स्वास्थ्य स्वयम् सेविकाको ब्यबस्था :**

स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुर्‍याउन र जनचेतना फैलाउन गाउँपालिकाले पूरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयम् सेविकाहरु नियुक्त गर्न सक्नेछ।

(१) महिला स्वास्थ्य स्वयम् सेविका र पुरुष अभियानकर्ताहरु नियुक्तिका लागी २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको शैक्षिक योग्यता न्युनतम एस. ई. ई. अध्यायन पूरा गरेको सम्बन्धित वडाको विवाहित नागरिक हुनुपर्नेछ। तर यो ऐन प्रारम्भ हुनुभन्दा पहिला नियुक्ति भई कार्यरत स्वयम् सेविकाहरुको हकमा एस.ई.ई. उतिर्ण भन्ने ब्यबस्था लागु हुने छैन।

सन्तवीर लिम्बु
अध्यक्ष

(२) एउटा वडामा अधिकतम संख्या १८ हुने गरि औषत प्रति ५०० जनसंख्याको लागी १ जना महिला स्वास्थ्य स्वयम् सेविका र वडामा अधिकतम २ जना हुनेगरि औषत ५००० जनसंख्याको लागी १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले गाउँपालिका समक्ष गर्न सक्नेछ ।

(३) महिला स्वास्थ्य स्वयम् सेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्बन्धि ७ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ । तालिम निर्देशिका स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग र गाउँपालिका स्वास्थ्य शाखा आफैले तयार पारी लागू गर्न सक्नेछ । गाउँपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखिकरण प्रदान गर्नेछ ।

(४) यस भन्दा पहिले देखिनै कार्यरत महिला स्वास्थ्य स्वयम् सेविकाहरु मध्ये निरक्षर र ६० वर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको व्यवस्था गरि विदाई गरिनेछ । नयाँ नियुक्ति गर्दा एस.ई.ई. वा सो सरह उत्तिर्णलाई मात्र नियुक्ति दिईनेछ ।

**२०. स्वास्थ्यकर्मीको सेवा सुविधाः**

(१) स्थायी स्वास्थ्यकर्मी : नेपाल सरकारले तोकेको स्केल बमोजिम तलब , भत्ता र स्थानिय गाउँ कार्यपालिकाले तोके बमोजिम अन्य सेवा सुविधा ।

(२) करार स्वास्थ्यकर्मी : प्रचलित तलब स्केल वा दुई पक्ष विचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मीः निर्वाह भत्ताको नीति वनाई लागू गर्न तथा संघिय वा प्रदेश स्वास्थ्य ऐन वमोजिम गर्न सकिनेछ ।

(४) अभियानकर्ता, स्वास्थ्य स्वयंसेविकाः पोशाक, वार्षिक रुपमा संचार खर्च, प्रोत्साहन रकम, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक , स्वास्थ्य सेवा सम्बन्धि अभियानमा खटाईएको समयमा दिईने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

(५) स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयम् सेविकाहरुलाई थप प्रोत्साहन भत्ता गाउँपालिकाले व्यबस्था गर्न सक्नेछ । स्वास्थ्य प्राविधिक कर्मचारीहरुलाई जोखिम भत्ता लगाएत जोखिमयुक्त कार्यका लागी तोकिए बमोजिम भत्ताका व्यबस्था गर्न सकिनेछ ।

**२१.स्वास्थ्यकर्मीको दरबन्दि निर्धारण र नियुक्ति :** सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दि गाउँ कार्यपालिकाले निर्धारण गर्नेछ ।

(१) दरबन्दि अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु रहनेछन् । समायोजन भई नआएका वा समायोजन भई नआउने दरबन्दिको हकमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्त गर्न सक्नेछ । करारको हकमा निजले कार्य सम्पादन गरिरहेको दरबन्दिमा समायोजन वा लोकसेवा प्रकृयाबाट स्वास्थ्यकर्मी आएको हकमा निज करार नियुक्ति स्वत सकिनेछ ।

सन्तबीर लिम्बु

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दि पदमा करार नियुक्ति गर्नुपर्ने भएमा करार नियुक्ति सम्बन्धि व्यवस्था देहाय बमोजिमको छनौट समितिवाट हुनेछ :

(क) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत : संयोजक

(ख) गाउँ कार्यपालिकाले तोकेको कम्तिमा स्नातक उत्तिर्ण १ जना विज्ञ : सदस्य

(ग) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख : सदस्य सचिव

(३) छनौट समितिले कार्यविधि बनाई कार्यविधि बमोजिम नियुक्तिका लागी कर्मचारी छनौट गर्नेछ ।

(४) उपदफा (२) बमोजिमको कर्मचारी छनौट समितिमा आवश्यकता अनुसार लोक सेवा आयोगको प्रतिनिधीलाई आमन्त्रण गर्न सकिने छ ।

**२२. कर्मचारी सरुवा, काज र विदा :**

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा समायोजन पश्चात तोकिएको समयमा अवधी पूरा भएपछि र अन्य स्वास्थ्यकर्मीको हकमा विशेष परिस्थिती बाहेक न्युनतम २ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र गाउँपालिका क्षेत्रभित्र एक स्वास्थ्य संस्थामा सरुवा गरिनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्युनतम २ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्यसंस्थामा सरुवा हुन चाहेमा गाउँपालिकामा सरुवाका लागी निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिकाको स्वास्थ्य शाखाको शिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्नसक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दि आवश्यक नरहेको , स्वास्थ्य समस्या, पति पत्नि संगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिनेछ ।

(४) उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले स्वास्थ्य शाखाको सिफारिसमा स्वास्थ्यकर्मीहरु(स्थायी, करार, ज्यालादारी आदि) लाई आवश्यकता अनुसार गाउँपालिकाका क्षेत्रभित्रका दफा ३(क) बमोजिमका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुमा कामकाज गर्ने गरी खटाउन सक्नेछ ।

सन्तबीर लिम्बु
अध्यक्ष

(५) कर्मचारीहरुले विदा लिई बस्नु परेमा गाउँपालिका स्वास्थ्य शाखावाट स्विकृत गराएर मात्र बस्नुपर्नेछ । कर्मचारीहरुको विदा सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२३.कार्यसम्पादन करार सम्झौता गर्नुपर्ने** : स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय बमोजिम कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका प्रमुखको रोहबरमा स्वास्थ्य शाखा प्रमुखले प्रमुख प्रशासकीय अधिकृतसंग, स्वास्थ्य चौकी प्रमुखले स्वास्थ्य शाखा प्रमुख संग, अन्य स्वास्थ्यकर्मी र कर्मचारीहरुले स्वास्थ्य संस्थाका प्रमुख मार्फत् स्वास्थ्य शाखा हेर्ने प्रमुखसंग कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ ।

(२) कार्यसम्पादन करार सम्झौता १ वर्षको हुनेछ । सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) वार्षिक कार्य सम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा ब्यबस्थापन तथा अनुगमन समितिले तयार पारि गाउँकार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**२४. कार्य सम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कार :**

(१) कार्य सम्पादन करार भएका कर्मचारीहरुको कार्य सम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरि कार्य सम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गरिनेछ ।

(२) कार्य सम्पादन सम्झौता मूल्याङ्कन , पुरस्कार र सजाय गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ५

## औषधी तथा स्वास्थ्य उपकरण खरिद, भण्डारण र वितरण सम्बन्धि ब्यबस्था

**२५. बार्षिक खरिद योजना बनाउनुपर्ने :**

(१) आफ्नो क्षेत्रभित्र बार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्विकृत गराउनुपर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोग खरिद इकाईले तयार गर्नेछ ।

२६. औषधी तथा स्वास्थ्य उपकरण खरिद :

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागी गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रकृया अघि बढाउने छ ।

सन्तबीर लिम्बु
अध्यक्ष

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानिय कानूनहरुको प्रावधान अनुसार गर्नुपर्नेछ ।

**२७. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण :**

(१) खरिद गरिएका औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउनेछ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्नेछ ।

(३) सम्वन्धित स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धि विस्तेत विवरण चौमासिक रुममा सार्वजनिक गर्ने र सम्वन्धित वडा समिति मार्फत् गाउँपालिकामा बुझाउनुपर्नेछ ।

## परिच्छेद ६

## स्वास्थ्य सेवाका न्युनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धि ब्यबस्था

**२८. स्वास्थ्य सेवाको न्युनतम मूल्य र गुणस्तर तोक्न सक्ने :**

(१) गाउँपालिकाले स्थानियस्तरमा संचालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्युनतम मूल्य तोक्न सक्ने र गुणस्तर भए नभएको अनुगमन समिति मार्फत् अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

**२९. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा ब्यबस्थापन :**

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार बिमा कार्यक्रमलाई प्रभाबकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा ब्यबस्थापन गर्नेछ ।

(२) आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरि संचालन तथा ब्यबस्थापन गरिनेछ ।

(३) अति विपन्न नागरिक, एकल महिला, ज्येष्ठ नागरिक, शारिरीक अशक्तता भएका ब्यक्तिहरु, गर्भवती,सुत्केरी, नवजात शिशुहरुका लागी उपचार कोष तथा सहायता कोष ब्यबस्था गरि नीति बनाई लागू गरिनेछ ।

सन्तबीर लिम्बु
अध्यक्ष

(४) नेपाल सरकार तथा प्रदेश सरकारले तय गरेको निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई प्रभावकारी बनाईने छ । आवश्यक श्रोत साधनको आधारमा निःशुल्क वितरण गर्ने औषधीहरु थप गर्न सकिनेछ ।

(५) मानसिक रोग, दन्त रोग , आँखा उपचार सेवा लगायत नसर्ने रोगहरुबाट हुने समस्या र  मृत्यु दरलाई कम गर्नको लागी निति बनाई लागू गरिनेछ ।

**३०. सरसफाई र स्वच्छताको लागी अनुगमन तथा नियमन :**

(१) स्वस्थ्य खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ ।

(२) प्रदुषण बढाउने उधोग संस्थान वा व्यक्तिलाई सो सम्बन्धि सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ती गराउन सिफारिस गर्न सक्नेछ ।

(३) सिफारिस बमोजिम स्थानिय कार्यपालिकाले दण्ड जरिवाना तथा अन्य कारवाही सम्बन्धि व्यबस्था मिलाउन सक्नेछ ।

(४) सबै नागरिकलाई सर्वसुलभ रुपमा स्वास्थ्य खानेपानीको पहुँच पुर्‍याउनका लागी नीति बनाई लागू गर्न सक्नेछ ।

## परिच्छेद७

## महामारी रोकथाम , फोहोरमैला ब्यबस्थापन सम्बन्धि ब्यबस्था

**३१. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने :**

(१) स्थानिय स्तरमा कुनै नागरिकलाइ सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक , सरकारी स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयम् सेविकालाई टिपोट गराउनुपर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिनभित्र नजिकको सामुदायिक , सरकारी स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयम् सेविकालाई टिपोट गराउनुपर्नेछ ।

(३) टिपोट गराईएका रोगीहरुको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनुपर्नेछ ।

**३२. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने :**

(१) गाउँपालिका स्तर र वडा स्तरमा महामारी नियन्त्रणको लागी स्वास्थ्य संयोजकको नेतृत्वमाRapid response Team गठन गरिनेछ ।

सन्तबीर लिम्बु
अध्यक्ष

(२) स्थानिय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिकाले सो को प्रभाव क्षेत्र निर्क्यौल गरि विद्यालयहरु बन्द गर्न , अस्थायी रुपमा बस्ती खाली गर्न वा अन्यत्र सर्वसाधरणलाई भ्रमण गर्न प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(३) यस्तो परिस्थितीमा महामारी थप क्षती हुन नदिन आवश्यक सजकता अपनाउने , आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागी छिमेकी स्थानिय सरकार, प्रदेश सरकार र संघिय सरकारमा अनुरोध गरि प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

(४) महामारी रोकथाम तथा नियत्रण गर्नको लागि गाउँपालिकाले कार्यविधी वनाई लागु गर्न सक्नेछ ।

**३३. सुर्ति, मदिरा तथा सुर्तिजन्य पदार्थको नियमन :**

(१) सुर्ति तथा मदिराजन्य पदार्थ विक्रि वितरणको लागी छथर गाउँपालिकाबाट छुटै अनुमति लिनुपर्नेछ ।

(२) खाद्य पदार्थ बिक्रि गर्ने पसलमा सुर्ति तथा मदिरा जन्य पदार्थ बिक्रि वितरण गर्न बन्देज लगाईनेछ ।

(३) सुर्ति, मदिरा र लागूपदार्थ जन्य बस्तुको विक्रि वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु गाउँपालिकाले तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दूरी तोकी धुम्रपान र मदिरापान निषेध गरिनेछ ।

(४) खाद्य पदार्थ संगै सूर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण गरेमा , निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानिय प्रशासनको सहयोगमा गाउँपालिकाले कार्वाही गर्न सक्नेछ ।

**३४ सरसफाई सम्बन्धि कार्यक्रम तथा फोहोरमैला ब्यबस्थापन :**

(१) गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले ब्यक्तिगत , घरेलु तथा सामुदायिक सरसफाई मापदण्ड तयार गरि प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनुपर्नेछ ।

(२) उपदफा १ अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वास्थ्य स्वयम् सेविकाहरु परिचालन गरि सबै घर परिवारमा वितरण गर्नेछन् ।

(३) घर निर्माण गर्दा शौचालयको फोहोर ब्यबस्थापन गर्ने विधि र घरेलु फोहोर विसर्जन गर्ने स्थानको अनिवार्य ब्यबस्था भएको हुनुपर्नेछ ।

(४) एक परिवारको शौचालय ,ढल, र फोहोरमैला ब्यबस्थित नभएको कारण अर्को परिवारमा हानि नोक्सानी पर्न गएमा सोको क्षतिपूर्ति हानी पुर्याउने परिवारले क्षतिपूर्ति तिर्नुपर्नेछ ।

सन्तबीर लिम्बु
अध्यक्ष

(५) शहरी, अर्धशहरी र ग्रामिण तथा अर्ध ग्रामिण क्षेत्रमा निश्काशित फोहोरमैला पुनः प्रयोग गरी कम्पोष्ट मल बनाईएको अवस्थामा गाउँपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ।

(६) सरसफाई सम्बन्धि कार्यक्रम तथा फोहोरमैला व्यवस्थापन सम्बन्धि अन्य कार्यविधी तथा नीती तोकिएको बमोजिम हुनेछ।

## परिच्छेद ८

## विविध

**३५.प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठुला अस्पताल संचालनका लागी शिफारिसः**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्यायन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागी सम्बन्धित वडा र गाउँपालिकाबाट शिफारिस लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिंदा बातावरणीय प्रभाव अध्ययन गरि स्थानीय स्तरमा पर्ने नकरात्मक प्रभावहरुको न्युनिकरणका लागी कार्यक्रम र बजेट प्रभाव गरिएको हुनुपर्नेछ।

(३) सिफारिसका लागी गाउँपालिका आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनुपर्नेछ।

**३६. राष्ट्रिय तथा प्रादेशक अभियानलाइ सघाउ पुर्‍याउनु पर्ने :**

स्वास्थ्य सेवा सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पूरा गर्न संघिय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्नेछ।

३७. आमा समूह, धामी, झाक्री र प्राकृतिक तथा परम्परागत सेवाको अभिलेल अद्यावधिक गरी तिनिहरुको क्रियाकलायलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ।

३८. गाउँपालिका क्षेत्रभित्र कार्यरत स्वास्थ्य तथा सरसफाई सम्बन्धि संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखा समक्ष बुझाउनुपर्नेछ।

३९. गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागी अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ संस्था ,ट्रष्ट र व्यक्तिहरुसंग विभिन्न कार्यहरुका लागी साझेदारी गर्न सक्नेछ र तिनीहरुबाट औषधी, उपकरण, विषेशज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ।

**४०.एम्बुलेन्स सेवा संचालन गर्न सक्नेः-** गाउँपालिकाले एम्बुलेन्स सेवा संचालन गर्न सक्नेछ र उक्त सेवा संचालन र उपभोग गर्ने सम्बन्धमा अधिकतम दररेट सहितको छुट्टै कार्यविधि निर्माण गरी संचालन गर्न सक्नेछ।

**४१. पुनरावेदन :**

सन्तबीर लिम्बु
अध्यक्ष

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

**४२. नियम बनाउने अधिकार :**

(१) यस ऐनको उदेश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नीति, नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागी गाउँ कार्यपालिकाले आवश्यक अन्य नियमावली, कार्यविधी तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**४३. संक्रमणकालिन ब्यबस्था :**

यस ऐनले तोकिए बमोजिम हुने भनि व्यवस्था गरेको काम नियमावली नआउदा सम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

**४४. बाधा अड्काउ फुकाउने अधिकार :**

यस ऐनको उदेश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ  र त्यस्तो आदेश यसै ऐनमा परेसरह मानिनेछ । तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वतः निष्कृय हुनेछ ।

**४५. स्वास्थ्य उपचार कोषको ब्यबस्था :-**

गाउँपालिकामा एउटा स्वास्थ्य उपचार कोष रहनेछ । उक्त कोषको संचालन तथा ब्यबस्थान गाउँपालिकाले निर्धारण गरेको कार्यविधी बमोजिम हुनेछ ।

**४५. बचाउ र लागू नहुने:**

(१) यो ऐन वा यस ऐन अर्न्तगत बनेका नियममा लेखिए जति कुरामा सोहि हुनेछ र नलेखिएको अन्य कुराका हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) नेपालको संविधान, संघिय कानून तथा प्रदेशको कानून संग बाझिएको यस ऐनका प्रावधानहरु बाँझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

सन्तबीर लिम्बु
अध्यक्ष